स्वास्थ्य कार्यालय, प्यूठानको

# जनस्वास्थ्य मासिक खबरपत्रिका

अंक ३०, वर्ष ३, २०८३ वैशाख ५, ने. सं. ११४६

## यस अंकका मुख्य विषयवस्तुहरु

१. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम अभिमुखीकरण सम्पन्न

२. कुपोषित बालबालिकाको खोजपड्ताल अभिमुखीकरण सम्पन्न

३. सुर्ति सेवन तथा लागू पदार्थ दुव्र्यसन रोकथाम र नियन्त्रण बारे अभिमुखीकरण कार्यक्रम सम्पन्न

४. विश्व क्षयरोग दिवसको अवसरमा प्युठानमा सडक नाटक कार्यक्रम सम्पन्न

५. खानेपानीको जाँच संचालन

६. पोषण मैत्री स्वास्थ्य संस्था सम्बन्धि स्थानीय तहहरुलाई अभिमुखीकरण

७. ७८ औँ विश्व स्वास्थ्य दिवस

८. घरमै हुने प्रसुती न्यूनीकरणका लागि अन्तरक्रिया कार्यक्रम सम्पन्न

९. दशौँ स्वास्थ्य बीमा दिवस

१०. पालिका अन्तर्गत सम्पन्न भएका विभिन्न क्रियाकलापहरु




## विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम अभिमुखीकरण सम्पन्न

स्वास्थ्य कार्यालय, प्युठानको आयोजनामा "बिद्यालय स्वास्थ्य र पोषण" सम्बन्धी क्षमता अभिवृद्धि तालिम २०८२/१२/०१ गतेदेखि ३ गते सम्म सफलतापुर्वक संचालन गरिएको थियो। उक्त तालिममा प्यूठान जिल्लाका ९ स्थानीय तहअन्तर्गत ३१ माध्यमिक विद्यालयबाट ३१ जना स्वास्थ्य फोकल शिक्षकहरुको सहभागिता रहेको थियो।

प्रस्तुतिकरण अनुसार विद्यालयमा एकीकृत स्वास्थ्य तथा पोषण सेवाको प्रभावकारी सञ्चालन, स्वास्थ्य प्रवर्द्धनात्मक गतिविधिहरूको व्यवस्थापन, सुरक्षित तथा स्वच्छ विद्यालय वातावरण निर्माण, तथा विद्यार्थीहरूको पोषण अवस्था सुधार गर्ने विषयमा विशेष जोड दिइएको थियो। साथै, किशोरकिशोरी मैत्री सेवा प्रवर्द्धन, विद्यालय तथा समुदायबीच समन्वय सुदृढ गर्ने, र स्थानीय स्तरमै स्वास्थ्य समस्याको पहिचान तथा व्यवस्थापन गर्ने क्षमता विकास गर्ने उद्देश्य समेत रहेको थियो।तालिम अवधिभर विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन, स्वास्थ्य शिक्षा, सरसफाइ तथा स्वच्छता व्यवस्थापन, पोषण प्रवर्द्धन, तथा विद्यालयमा स्वास्थ्य सम्बन्धी गतिविधि सञ्चालनका व्यवहारिक पक्षहरूबारे सहजीकरण गरिएको थियो।

उक्त तालिमबाट सहभागी शिक्षकहरूको क्षमता अभिवृद्धि भई विद्यालय स्तरमा प्रबर्द्धनात्मक स्वास्थ्य सेवा प्रभावकारी रूपमा सञ्चालन हुने विश्वास लिइएको छ। यसबाट विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको पोषण अवस्थाको सुधार, स्वस्थ व्यवहार प्रवर्द्धन तथा विद्यालय र समुदायको समग्र स्वास्थ्य सुधारमा सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ।



# ७८ औँ विश्व स्वास्थ्य दिवस "मानव, पशुपंक्षी र पर्यावरणको हित, विज्ञान र एक स्वास्थ्य हाम्रो जीत"

## कुपोषित बालबालिकाको खोजपड्ताल अभिमुखीकरण सम्पन्न

कुपोषित बालबालिकाको खोजपड्ताल तथा व्यवस्थापन अभियानअन्तर्गत स्वास्थ्य कार्यालय, प्युठानको आयोजनामा सञ्चालन गरिएको अभिमुखीकरण कार्यक्रम तीन चरणमा सम्पन्न भएको छ। अभियानको पहिलो चरण चैत ४ गते सम्पन्न भएको थियो भने दोस्रो र तेस्रो चरण क्रमशः चैत १२ र १३ गते सम्पन्न भएका थिए। कार्यक्रममा जिल्लाका विभिन्न स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख, पोषण फोकल व्यक्ति तथा सम्बन्धित स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो।

अभिमुखीकरण कार्यक्रममा समुदाय स्तरमा कुपोषित बालबालिकाको पहिचान तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक जानकारी प्रदान गरिएको थियो। पाँच वर्षमुनिका बालबालिकाको वृद्धि अनुगमन, कुपोषणको पहिचान, व्यवस्थापन तथा आवश्यकतानुसार उपचार केन्द्रमा प्रेषण सम्बन्धी विषयमा सहजीकरण गरिएको थियो। यसैगरी, अभियानबाट संकलन हुने विवरणलाई व्यवस्थित रूपमा अभिलेखीकरण गर्न KoBoToolbox मार्फत डेटा प्रविष्टि गर्ने सम्बन्धमा समेत अभिमुखीकरण गराइएको थियो। सहभागीहरूलाई कोबो टुलमा तथ्यांक प्रविष्टि गर्ने तरिका, डेटा प्रमाणीकरण तथा रिपोर्टिङ प्रक्रियाबारे व्यवहारिक रूपमा जानकारी प्रदान गरिएको थियो।

जिल्लामा पाँच वर्षमुनिका बालबालिका परीक्षण गर्नुपर्ने कुल संख्या २१,२०८ रहेको र कुपोषित बालबालिका पत्ता लगाउनुपर्ने अनुमानित संख्या ३५० रहेको जानकारी कार्यक्रममा प्रस्तुत गरिएको थियो। सोही आधारमा सबै स्थानीय तहमा खोजपडताल अभियान सञ्चालन गर्ने तयारी गरिएको जनाइएको थियो।



## विश्व क्षयरोग दिवसको अवसरमा प्युठानमा सडक नाटक कार्यक्रम सम्पन्न

"हो, हामी क्षयरोग अन्त्य गर्न सक्छौं!" भन्ने नारासहित विश्व क्षयरोग दिवस २०८१ (२४ मार्च २०२५) को अवसरमा प्युठान जिल्लामा सडक नाटक कार्यक्रम सम्पन्न गरिएको थियो। मिति २०८१ चैत ११ गते बिजुवार क्षेत्र अन्तर्गत रतामाटा र मित्रमडी चोकमा कार्यक्रम सञ्चालन गरिएको थियो।

बि.एन.एम.टी. नेपाल, स्वास्थ्य कार्यालय प्यूठान तथा प्यूठान नगरपालिका का कर्मचारीहरूको संयुक्त समन्वयमा कार्यक्रम सञ्चालन गरिएको थियो। सडक नाटकमार्फत क्षयरोगका लक्षण, समयमै परीक्षण र नियमित उपचारको महत्त्व, औषधि नछोड्नुपर्ने सन्देश तथा समुदायमा रहेका भ्रमहरूबारे जनचेतनामूलक प्रस्तुति गरिएको थियो। कार्यक्रममा स्थानीय सर्वसाधारण, व्यापारी, विद्यार्थी तथा विभिन्न सरोकारवालाहरूको उल्लेखनीय सहभागिता रहेको थियो। उक्त कार्यक्रमबाट समुदायमा क्षयरोग सम्बन्धी जनचेतना अभिवृद्धि भई समयमै परीक्षण तथा उपचार सेवामा पहुँच बढ्ने अपेक्षा गरिएको थियो।






## खानेपानीको जाँच संचालन

स्वास्थ्य कार्यालय प्यूठानको आयोजनामा आ.व. २०८२/८३ को वार्षिक स्वीकृत बजेट अनुसार विभिन्न स्थानीय तह अन्तर्गतका खानेपानीको श्रोत म्यापिङ्ग तथा पानी जाँच भइरहेको छ। २०८२ साल चैत्र महिना सम्ममा ९७ वटा नमुना संकलन गरिएको मध्ये ३६ वटा नमुनामा ईकोली देखिएको छ।

**पालिका अनुसार खानेपानी जाँच भएका र ईकोली देखिएको स्थान आ व २०८२/८३**

| | स्थानीय तह | जम्मा नमुना संकलन गरिएको संख्या | ईकोली देखिएको संख्या | ईकोली देखीएको साईटको संख्या | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | स्वास्थ्य संस्था | सार्वजनिक धारा | निजि धारा | मूल | RVT | ईनार | स्कूल | अन्य |
| 1 | ऐरावती गा पा | १४ | १३ | २ | - | ४ | ३ | २ | | २ | |
| 2 | सरुमारानी गा पा | २० | ० | - | - | - | - | - | - | - | |
| 3 | प्युठान न पा | ३ | ० | - | - | - | - | - | - | - | |
| 4 | झिमरुक गा पा | ३ | १ | - | - | १ | - | - | - | - | |
| 5 | गौमुखी गा पा | ९ | ७ | १ | १ | | ३ | १ | | १ | |
| 6 | नौबहिनी गा पा | २४ | १ | | - | १ | - | - | - | - | |
| 7 | मल्लरानी गा पा | ४ | २ | | | १ | १ | | | | |
| 8 | स्वर्गद्धारी नपा | २० | १२ | २ | १ | ४ | १ | ३ | - | १ | |
| | जम्मा | ९७ | ३६ | ५ | २ | १४ | ८ | ६ | | ४ | |




## सुर्ति सेवन तथा लागू पदार्थ दुर्व्यसन रोकथाम र नियन्त्रण बारे अभिमुखीकरण कार्यक्रम सम्पन्न

सुर्तीजन्य पदार्थ तथा लागुपदार्थ दुर्व्यसन रोकथाम र नियन्त्रण सम्बन्धी जनचेतनामूलक अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम मल्लरानी गाउँपालिका वडा नं४ ., खानेपानी चोकखलंगामा २०८२ साल चैत्र ७ गते – सफलतापूर्वक सम्पन्न भएको थियो। स्वास्थ्य कार्यालय, प्युठानको आयोजनामा तथा वडा कार्यालयको समन्वयमा सञ्चालन गरिएको उक्त कार्यक्रममा १७ वर्षमाथिका विद्यार्थी, शिक्षक, व्यवसायी, बालक्लब प्रतिनिधि, जनप्रतिनिधि, प्रहरी, सञ्चारकर्मी लगायत ८५ जना भन्दा बढी सरोकारवालाहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा जनस्वास्थ्य अधिकृत पुष्कल श्रेष्ठले सुर्तीजन्य पदार्थ र लागुपदार्थ दुर्व्यसन नसर्ने रोगका प्रमुख कारण रहेको उल्लेख गर्दै नेपालमा सुर्तीजन्य पदार्थका कारण प्रत्येक घण्टामा दुई जनाको मृत्यु हुने तथ्यांक प्रस्तुत गर्नुभएको थियो। स्वास्थ्य कार्यालय प्रमुख नरेश बाबु श्रेष्ठले व्यक्तिले आफ्नै परिवारबाट सुर्तीजन्य पदार्थ तथा मद्यपान नगर्ने वातावरण सिर्जना गर्न आग्रह गर्नुभएको थियो भने वडा अध्यक्ष कुमार श्रेष्ठले यस्ता चेतनामूलक कार्यक्रम समुदायमा विस्तार गर्नुपर्नेमा जोड दिनुभएको थियो।

लक्षित वर्ग केन्द्रित उक्त कार्यक्रमले सुर्तीजन्य पदार्थ तथा लागुपदार्थ सेवन रोकथाम, लतमा परेकालाई छोड्न सहयोग तथा नसर्ने रोग न्यूनीकरणमा सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको थियो।



# ७८ औँ विश्व स्वास्थ्य दिवस “मानव, पशुपंक्षी र पर्यावरणको हित, विज्ञान र एक स्वास्थ्य हाम्रो जीत”


## ७८ औँ विश्व स्वास्थ्य दिवस

“मानव, पशुपंक्षी र पर्यावरणको हित, विज्ञान र एक स्वास्थ्य हाम्रो जीत” भन्ने मूल नाराका साथ ७८ औँ विश्व स्वास्थ्य दिवस २०८२ चैत २५ (अप्रिल ७) मा स्वास्थ्य कार्यालय प्यूठानको सभाहलमा मनाइएको थियो।

“World Health Day 2026: ‘Together for health. Stand with science’” भन्ने अन्तर्राष्ट्रिय नारालाई आत्मसात गर्दै आयोजित कार्यक्रममा “Nepal’s Journey in One Health” विषयमा प्रस्तुतीकरण गरिएको थियो। उक्त प्रस्तुतीकरणमार्फत मानव, पशु तथा वातावरणीय स्वास्थ्यबीचको अन्तरसम्बन्ध र “One Health” अवधारणाको महत्त्वबारे जानकारी गराइएको थियो। कार्यक्रममा स्वास्थ्यकर्मी, सरोकारवाला निकाय तथा कर्मचारीहरूको सहभागिता रहेको थियो। उक्त कार्यक्रमले एकीकृत स्वास्थ्य प्रणाली सुदृढीकरण तथा वैज्ञानिक आधारमा स्वास्थ्य प्रवर्द्धन गर्ने सन्देश प्रवाह गरेको थियो।




## आ.ब. २०८२/८३ मा जन्मदा कम तौल हुने नवशिशुहरुको प्रतिशत




## घरमै हुने प्रसुती न्यूनीकरणका लागि स्याउलिबाङमा अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न

आमा तथा नवजात शिशुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्दै संस्थागत प्रसुती सेवामा वृद्धि गर्ने तथा असुरक्षित घरमै हुने प्रसुतीलाई शून्यमा झार्ने लक्ष्यका साथ प्युठान जिल्लाको दुर्गम नौबहिनी गाउँपालिका वडा नं. १, स्याउलिबाङमा २०८२ चैत २९ गते अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो।

स्वास्थ्य कार्यालय प्युठानको आयोजनामा तथा नौबहिनी गाउँपालिका स्वास्थ्य शाखाको समन्वयमा सञ्चालन गरिएको उक्त कार्यक्रममा स्थानीय तहका जनप्रतिनिधि, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, आमा समूहका सदस्यहरू, सञ्चारकर्मी एवं अन्य सरोकारवालाहरूको सहभागिता रहेको थियो। कार्यक्रममा स्वास्थ्य संस्थामै प्रसुती सेवा लिन प्रोत्साहित गर्दै घरमै हुने प्रसुतीलाई निरुत्साहित गरी न्यूनीकरण गर्ने विषयमा व्यापक छलफल गरिएको थियो।

कार्यक्रममा स्वास्थ्य कार्यालय प्युठानका जनस्वास्थ्य अधिकृत पुष्कल श्रेष्ठ, MNH फोकल पर्सन कौशल राज बैद्य, स्वास्थ्य शाखा प्रमुख ऋषिराम शर्मा तथा PHN यशोधा बैद्यले सहजीकरण गर्नुभएको थियो।

कार्यक्रमका क्रममा घरमै हुने प्रसुती न्यूनीकरण गर्दै पूर्ण संस्थागत प्रसुती सेवा सुनिश्चित गर्नका लागि कार्ययोजना समेत तयार गरिएको MNH फोकल पर्सन कौशल राज बैद्यले जानकारी दिनुभएको थियो।



# ७८ औँ विश्व स्वास्थ्य दिवस "मानव, पशुपंक्षी र पर्यावरणको हित, विज्ञान र एक स्वास्थ्य हाम्रो जीत"

## "स्वस्थ मृगौला सबैका लागि"

- मृगौला स्वस्थ राख्न मधुमेह र रक्तचाप नियमित जाँच गरी नियन्त्रणमा राखौँ।
- सन्तुलित आहार खाऔँ, दैनिक व्यायाम गरौँ र स्वस्थ शारीरिक तौल कायम गरौँ।
- धूम्रपान र मदिरा सेवन नगरौँ।
- दिनमा कम्तीमा आठ गिलास पानी पिऔँ र नुनको प्रयोग कम मात्रामा गरौँ।
- चिकित्सकको सल्लाह बिना औषधी सेवन नगरौँ।
- पिसाबमा समस्या वा खुट्टा र आँखाको वरिपरि सुन्निने लक्षण देखिए तुरुन्त नजिकको स्वास्थ्य संस्थामा जाँच गराऔँ।

**विश्व मृगौला दिवस २०२६**

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र

## पोषण मैत्री स्वास्थ्य संस्था सम्बन्धि स्थानीय तहहरुलाई अभिमुखीकरण

स्वास्थ्य कार्यालय, प्यूठानको आयोजनामा "पोषणमैत्री स्वास्थ्य संस्था" कार्यान्वयन सम्बन्धी दुई दिने अभिमुखिकरण कार्यक्रम २०८२ चैत १५ र १६ गते स्वास्थ्य कार्यालय प्यूठानको सभाहलमा सफलतापूर्वक सम्पन्न भएको थियो। कार्यक्रममा स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख, पोषण फोकल पर्सन तथा सेवा प्रदायक स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा बहुक्षेत्रीय पोषण योजना, पोषणमैत्री स्थानीय शासन, पोषणमैत्री स्वास्थ्य संस्था कार्यान्वयन निर्देशिका २०७९, तथा IMAM सम्बन्धी सेवाको व्यवस्थापन लगायत विषयमा प्रस्तुतीकरण तथा छलफल गरिएको थियो। साथै पोषण सेवा गुणस्तर सुधार निर्देशिका अनुसार मूल्याङ्कन चेकलिष्ट प्रयोगबारे प्रयोगात्मक अभ्यास गराइएको थियो। पोषणमैत्री स्वास्थ्य संस्था अवधारणा अनुसार स्वास्थ्य संस्थाबाट प्रदान गरिने पोषण सेवाको गुणस्तर सुधार गर्दै बालबालिका, किशोरी तथा गर्भवती/सुत्केरी महिलाको पोषण अवस्था सुधार गर्ने उद्देश्य रहेको छ। यसका लागि स्वास्थ्य संस्थाहरूले आवश्यक मापदण्ड पूरा गरी नियमित रूपमा गुणस्तरीय पोषण सेवा उपलब्ध गराउने विषयमा सहभागीहरूलाई जानकारी गराइएको थियो।

## दशौँ स्वास्थ्य बीमा दिवस प्युठानमा अन्तर्क्रिया कार्यक्रमसहित सम्पन्न

"तपाईंको स्वास्थ्य, हाम्रो अठोट" तथा "राज्यको लगानी, नागरिकको योगदान—स्वास्थ्य बीमा साझा अभियान" भन्ने मूल नाराका साथ दशौँ स्वास्थ्य बीमा दिवस प्युठानमा २०८२ साल चैत २५ गते विशेष कार्यक्रमका साथ मनाइएको थियो।

उक्त अवसरमा जिल्ला समन्वय उपप्रमुख, प्युठान अस्पताल तथा स्वास्थ्य कार्यालयका प्रमुख, जिल्ला बीमा कार्यालय प्रमुख तथा उहाँको टोली, वडा समन्वयकर्ता, सञ्चारकर्मी एवं अन्य सरोकारवालाहरूको सहभागितामा अन्तर्क्रियात्मक कार्यक्रम सञ्चालन गरिएको थियो। कार्यक्रममा स्वास्थ्य बीमाको महत्व, यसको विस्तार र प्रभावकारी कार्यान्वयनका विषयमा छलफल गरिएको थियो। साथै नागरिक सहभागिता अभिवृद्धि गर्दै स्वास्थ्य बीमा कार्यक्रमलाई थप सुदृढ बनाउने आवश्यकतामा जोड दिइएको थियो।



## चैत्र महिनामा रहेका विभिन्न स्वास्थ्य सम्बन्धी दिवसहरु

| | |
|---|---|
| March 15: World Consumer's Rights Day | March 15: World Handicap Day |
| March 20: World Oral Health Day | March 22: World Water Day |
| March 24: World Tuberculosis (TB) Day | April (First Full Week 1-7): World Health Worker Week |
| April 7: World Health Day | Chaitra 25: 10th Health Insurance Day |

# पालिका अन्तर्गत सम्पन्न भएका विभिन्न क्रियाकलापहरु

## आयुर्वेद तथा समग्र स्वास्थ्य शिविर सञ्चालन

-नौबहिनी गाउँपालिका

नौबहिनी गाउँपालिकामा २०८२ चैत १७ देखि १९ गतेसम्म वडा नं .८, ७ र ४ मा महिलाहरू लक्षित आयुर्वेद तथा समग्र स्वास्थ्य शिविर सञ्चालन भई सफलतापूर्वक सम्पन्न भएको थियो। शिविरमा स्तन क्यान्सर, पाठेघरको मुखको क्यान्सर) VIA स्क्रिनिङ (, यौनरोग, आङ खस्ने समस्या साथै पाइल्स, फिसर र फिस्टुला जस्ता रोगहरूको जाँच तथा उपचार सेवा प्रदान गरिएको थियो।

कार्यक्रमको मुख्य उद्देश्य पाठेघरको मुखको क्यान्सरको प्रारम्भिक पहिचान गरी जोखिममा रहेका महिलाहरूलाई समयमै उपचार सेवामा पहुँच सुनिश्चित गर्नु, नियमित स्वास्थ्य परीक्षणप्रति सचेतना अभिवृद्धि गर्नु तथा क्यान्सरजन्य जटिलता र मृत्युदर न्यूनीकरण गर्नु रहेको थियो। साथै गुदा सम्बन्धी रोगहरूको प्रारम्भिक पहिचान गरी समयमै उपचारमा जोड्ने र आवश्यक परामर्श तथा रिफरल सेवा उपलब्ध गराउने लक्ष्य राखिएको थियो।

शिविरमा डा .हेमन्त बन्जाडे, डा .अर्जु रावत, वरिष्ठ नर्सिङ अधिकृत राधा के.सी., स्वास्थ्यकर्मी तथा स्थानीय समुदायका व्यक्तिहरूको सहभागिता रहेको थियो। कार्यक्रम अन्तर्गत सहभागीहरूको दर्ता गरी स्वास्थ्य परीक्षण )स्क्रिनिङ (गरिएको, आयुर्वेद चिकित्सक तथा स्वास्थ्यकर्मीबाट परामर्श सेवा प्रदान गरिएको, आवश्यक औषधि वितरण गरिएको र गम्भीर बिरामीहरूलाई थप उपचारका लागि उच्च स्वास्थ्य संस्थामा रिफर गरिएको थियो। यस कार्यक्रमले समुदायमा समग्र स्वास्थ्य सुधार तथा रोगको प्रारम्भिक पहिचानमा महत्वपूर्ण योगदान पुर्‍याएको छ।




## मानसिक स्वास्थ्य प्रवर्धन तथा आत्महत्या रोकथाम सम्बन्धी जनचेतना कार्यक्रम सम्पन्न

- मल्लरानी गाउँपालिका

मल्लरानी गाउँपालिका वडा नं. ३ गिरिचौरमा मानसिक स्वास्थ्य प्रवर्धन तथा आत्महत्या रोकथाम सम्बन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रम मल्लरानी गाउँपालिकाको आयोजनामा सञ्चालन गरिएको थियो।

कार्यक्रममा किशोरकिशोरी, युवा, विद्यार्थी, अभिभावक, शिक्षक, जोखिममा रहेका व्यक्तिहरू तथा समुदायका सदस्यहरूको सहभागिता रहेको थियो। कुल ३५ जनाको सहभागिता रहेको उक्त कार्यक्रममा मनोसामाजिक परामर्शकर्ता, महिला स्वास्थ्य स्वयम्सेविका तथा अन्य सरोकारवालाहरू सहभागी भएका थिए।

कार्यक्रमको मुख्य उद्देश्य मानसिक स्वास्थ्य सम्बन्धी चेतना अभिवृद्धि गर्नु, मानसिक रोगहरूको प्रारम्भिक पहिचान र उपचारमा सहयोग पुर्‍याउनु तथा आत्महत्याको जोखिममा रहेका व्यक्तिहरूलाई समयमै आवश्यक सहयोग उपलब्ध गराउनु रहेको थियो। साथै समुदायमा सकारात्मक सोच, सहयोगी वातावरण र सहकार्यको विकास गर्नु पनि कार्यक्रमको उद्देश्य रहेको थियो।

कार्यक्रम सम्पन्न भएपछि सहभागीहरूमा मानसिक स्वास्थ्य सम्बन्धी ज्ञानमा वृद्धि भएको, नकारात्मक सोच (stigma) मा कमी आएको, प्रारम्भिक पहिचान र उपचारमा सुधार आएको तथा सेवा उपयोगमा वृद्धि भएको देखिएको थियो। साथै समुदायमा सहयोगी वातावरण विकास भएको समेत निष्कर्ष निकालिएको थियो।



# ७८ औँ विश्व स्वास्थ्य दिवस "मानव, पशुपंक्षी र पर्यावरणको हित, विज्ञान र एक स्वास्थ्य हाम्रो जीत"

## तथ्यमा आधारित स्वास्थ्य योजना तर्जुमा कार्यक्रम सम्पन्न

-झिमरुक गाउँपालिका

झिमरुक गाउँपालिकामा तथ्यमा आधारित स्वास्थ्य क्षेत्रको योजना तर्जुमा कार्यक्रम )GIZ S2HSSII) सफलतापूर्वक सम्पन्न भएको थियो। २०८२ चैत्र २७ गतेदेखि ३० गतेसम्म सञ्चालन गरिएको उक्त कार्यक्रम स्वास्थ्य संस्थाअन्तर्गतका वडा नं३ ., ७ र ८ मा सम्पन्न भएको थियो।

कार्यक्रममा स्वास्थ्य संस्था प्रमुख, वडा अध्यक्ष, सचिव, महिला स्वास्थ्य स्वयंसेविका, आमा समूह अध्यक्ष, जनस्वास्थ्य अधिकृत तथा GIZ S2HSSII का Health Advisor लगायत १५ देखि १७ जनाको सहभागिता रहेको थियो।कार्यक्रमको मुख्य उद्देश्य स्वास्थ्य योजना तर्जुमा गर्दा तथ्य तथा तथ्यांकको प्रयोग बढाउने, स्थानीय स्वास्थ्य समस्याको सही पहिचान गर्ने, प्रमाणमा आधारित योजना निर्माण गर्ने क्षमता विकास गर्ने तथा स्वास्थ्य सेवा सुधारका लागि प्रभावकारी रणनीति तयार गर्ने रहेको थियो।

कार्यक्रममार्फत स्थानीय स्वास्थ्य समस्याहरू पहिचान गरिएको र तथ्यांक प्रयोग गरी योजना तर्जुमा गर्ने अभ्यास गरिएको थियो। साथै, तथ्यमा आधारित स्वास्थ्य योजना निर्माण गर्ने क्षमता अभिवृद्धि हुनुका साथै सेवा प्रवाह थप प्रभावकारी र गुणस्तरीय बनाउने अपेक्षा गरिएको थियो। यस कार्यक्रमले स्थानीय तहमा स्वास्थ्य क्षेत्रमा समन्वय र सहकार्य वृद्धि गर्न तथा दिगो समाधानमुखी योजना निर्माणमा महत्वपूर्ण योगदान पुगेको जनाइएको थियो।



## सुनौलो हजार दिनका आमाहरू तथा बालबालिकाको पोषण स्क्रिनिङ संचालन

- प्यूठान नगरपालिका

प्यूठान नगरपालिकामा" सुनौलो हजार दिनका आमाहरू तथा ५ वर्षमुनिका बालबालिकाहरूको समुदायस्तरमा पोषण लेखाजोखा) स्क्रिनिङ कार्यक्रम "(सफलतापूर्वक सम्पन्न भएको थियो। २०८२ साल चैत्र १ देखि ३० गतेसम्म नगरपालिकाका सबै वडामा सञ्चालन गरिएको उक्त कार्यक्रम स्वास्थ्य शाखाको आयोजनामा सम्पन्न भएको थियो।

कार्यक्रमको लक्षित समूह ३४५६ जना रहेकामा १५०० जनाको पोषण अवस्था मूल्याङ्कन गरिएको थियो। कार्यक्रममा महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्यकर्मी, स्वास्थ्य शाखाका कर्मचारीहरू तथा सुनौलो हजार दिनका आमाहरू र ५ वर्षमुनिका बालबालिकाहरूको सक्रिय सहभागिता रहेको थियो।

कार्यक्रमको उद्देश्य समुदायस्तरमा पोषण लेखाजोखा गरी कुपोषणको पहिचान गर्नु तथा जोखिममा रहेका आमाहरू र बालबालिकाहरूलाई समयमै स्वास्थ्य सेवामा जोड्नु रहेको थियो। कार्यक्रममार्फत कुपोषणको अवस्था पहिचान गरिएको र आवश्यक परामर्श तथा सेवा प्रवाहमा सहयोग पुगेको जनाइएको थियो।





## गर्भवतीका लागि निःशुल्क ग्रामीण अल्ट्रासाउन्ड शिविर सम्पन्न

- सरुमारानी गाउँपालिका

सरुमारानी गाउँपालिकामा गर्भवती महिलाहरूका लागि निःशुल्क ग्रामीण अल्ट्रासाउन्ड शिविर सफलतापूर्वक सम्पन्न भएको थियो। २०८२ चैत्र ३ गतेदेखि ८ गतेसम्म सञ्चालन गरिएको उक्त शिविरमा गर्भवती महिला तथा भ्रूणको स्वास्थ्य अवस्था परीक्षण गरिएको थियो।शिविरमा कुल ११३ जना गर्भवती महिलाहरूले सेवा लिएका थिए। कार्यक्रमको उद्देश्य गर्भवती महिला तथा भ्रूणको स्वास्थ्य अवस्था समयमै जाँच गरी सम्भावित जोखिम पहिचान गर्नु र आवश्यक परामर्श तथा व्यवस्थापन गर्नु रहेको थियो।शिविरमा स्वास्थ्य शाखा प्रमुख टेकेन्द्र रायमाझी, जनस्वास्थ्य अधिकृत बिनुजा शर्मा, प.हे.न .सृजना नेपाली तथा सि.अ.न.मि .लिला कुमारी चन्द लगायतको सहभागिता रहेको थियो।

## मानसिक स्वास्थ्य तथा आत्महत्या रोकथाम सचेतना कार्यक्रम सम्पन्न

-मान्डवी गाउँपालिका

मान्डवी गाउँपालिकामा मानसिक स्वास्थ्य प्रवर्द्धन तथा आत्महत्या रोकथाम सम्बन्धी सचेतना कार्यक्रम २०८२ चैत्र ९ देखि १६ गतेसम्म वडा नं .१ देखि ५ का विभिन्न समुदायमा सफलतापूर्वक सम्पन्न भएको थियो।

कार्यक्रमको मुख्य उद्देश्य मानसिक स्वास्थ्य र मानसिक रोगबीचको भिन्नता स्पष्ट पार्नु, मानसिक स्वास्थ्यको महत्वबारे जानकारी दिनु, तनाव व्यवस्थापनका उपायहरू सिकाउनु तथा आत्महत्याको जोखिम संकेत पहिचान गर्ने क्षमता विकास गर्नु रहेको थियो।

कार्यक्रममा महिला–पुरुष, किशोर–किशोरी, आमा समूह, युवा क्लब, शिक्षक तथा स्थानीय सामाजिक अगुवाहरू सहित २६५ जनाको सहभागिता रहेको थियो। साथै गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडा जनप्रतिनिधि, नेपाल प्रहरी, स्वास्थ्य शाखा प्रमुख, जनस्वास्थ्य अधिकृत, स्वास्थ्यकर्मी तथा महिला स्वयंसेविकाहरूको समेत सक्रिय उपस्थिति रहेको थियो।

कार्यक्रमले समुदायमा मानसिक स्वास्थ्यप्रति सचेतना वृद्धि गर्नुका साथै आत्महत्याको जोखिम संकेत पहिचान गर्ने क्षमता विकास गर्न सहयोग पुर्‍याएको थियो। साथै, जोखिममा रहेका व्यक्तिलाई समयमै सहयोग पुर्‍याउने वातावरण निर्माण हुनुका साथै सामाजिक कलंक न्यूनीकरण र सहयोगी समुदाय विकासमा महत्वपूर्ण योगदान पुगेको पाइएको छ।




## निःशुल्क आँखा शिविर तथा मोतिबिन्दु शल्यक्रिया सम्पन्न

-गौमुखी गाउँपालिका

गौमुखी गाउँपालिकामा २०८२ चैत्र १६ देखि २१ गतेसम्म निःशुल्क आँखा परीक्षण, उपचार तथा स्क्रिनिङ्ग शिविर सफलतापूर्वक सम्पन्न भएको थियो। गाउँपालिकाका सबै वडामा सञ्चालन गरिएको उक्त कार्यक्रम गौमुखी गाउँपालिका स्वास्थ्य शाखा र लमहि आँखा अस्पताल को संयुक्त आयोजनामा सम्पन्न भएको थियो।

शिविरमा ६०६ जना नागरिकले आँखा परीक्षण तथा उपचार सेवा लिएका थिए भने ३६ जना बिरामीहरूको मोतिबिन्दु शल्यक्रिया सफलतापूर्वक गरिएको थियो। कार्यक्रममार्फत दृष्टिदोष, मोतिबिन्दु, ग्लुकोमा लगायत आँखा रोगहरूको समयमै पहिचान गरी आवश्यक उपचार तथा परामर्श सेवा प्रदान गरिएको थियो। साथै, शल्यक्रिया आवश्यक बिरामीहरूको पहिचान गरी सम्बन्धित स्वास्थ्य संस्थामा रेफरल गरिएको थियो।

कार्यक्रममा स्वास्थ्य शाखा प्रमुख हरि प्रसाद जैसी, जनस्वास्थ्य अधिकृत अनुस्का पुरी तथा विशेषज्ञ टोलीको सक्रिय सहभागिता रहेको थियो। शिविरमार्फत नागरिकहरूलाई घर नजिकै सुलभ तथा गुणस्तरीय आँखा स्वास्थ्य सेवा उपलब्ध गराइएको थियो।

यस कार्यक्रमबाट समुदायस्तरमा आँखा स्वास्थ्यसम्बन्धी जनचेतना अभिवृद्धि भएको र नियमित आँखा परीक्षण गर्ने बानी विकास हुने अपेक्षा गरिएको थियो। साथै, उपचार योग्य अन्धोपन न्यूनीकरणमा महत्वपूर्ण योगदान पुगेको जनाइएको थियो।



## निःशुल्क आँखा स्वास्थ्य शिविर सम्पन्न

- स्वर्गद्वारी नगरपालिका

स्वर्गद्वारी नगरपालिकामा ४० वर्ष माथिका नागरिकहरूलाई लक्षित गर्दै वडा स्तरीय निःशुल्क आँखा स्वास्थ्य शिविर सफलतापूर्वक सम्पन्न भएको थियो। २०८२ चैत्र २३ देखि ३० गतेसम्म नगरपालिकाका ९ वटै वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरूमा कार्यक्रम सञ्चालन गरिएको थियो।

कार्यक्रममा आँखा परीक्षण, उपचार तथा स्क्रिनिङ्ग सेवा प्रदान गरिएको थियो। शिविरमा ९८१ जनाले सेवा लिएका थिए भने ८१ जना मोतिबिन्दुका बिरामीलाई शल्यक्रियाका लागि रेफर गरिएको थियो।

कार्यक्रममा स्वास्थ्य शाखा टिम, वडा कार्यालय तथा स्वास्थ्य संस्था टिम, महिला स्वास्थ्य स्वयंसेविका, सरोकारवाला तथा लमही तिलगंगा आँखा अस्पताल का विशेषज्ञ टोलीको सहभागिता रहेको थियो। कार्यक्रमको फोकल पर्सन जनस्वास्थ्य निरीक्षक दुर्गा प्रसाद गोराथोकी रहनुभएको थियो।

शिविरमार्फत आँखासम्बन्धी रोगहरूको समयमै पहिचान, उपचारमा पहुँच विस्तार, दृष्टि सुधार तथा उपचार योग्य अन्धोपन न्यूनीकरणमा महत्वपूर्ण योगदान पुगेको जनाइएको छ। साथै समुदायमा आँखा स्वास्थ्यसम्बन्धी जनचेतना अभिवृद्धि भई नियमित आँखा परीक्षण गर्ने बानी विकास हुने अपेक्षा गरिएको छ।



## प्रजनन् स्वास्थ्य रुग्णताको एकीकृत स्क्रिनिङ कार्यक्रम सम्पन्न

- ऐरावती गाउँपालिका

ऐरावती गाउँपालिकामा प्रजनन् स्वास्थ्य रुग्णताको एकीकृत स्क्रिनिङ तथा व्यवस्थापन कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको थियो। २०८२ साल चैत्र १७ गते विजुली स्वास्थ्य चौकी, च्युरापानीमा सञ्चालन गरिएको उक्त कार्यक्रम सम्पन्न भएको हो।

कार्यक्रमको मुख्य उद्देश्य प्रजनन् स्वास्थ्यसम्बन्धी रुग्णताको प्रारम्भिक पहिचान तथा व्यवस्थापन गर्नु रहेको थियो। विशेषगरी पाठेघरको मुखको क्यान्सरको जोखिम पहिचान गरी समयमै उपचार तथा रेफरल प्रणाली सुदृढ गर्ने लक्ष्य राखिएको थियो। कार्यक्रममा वडा अध्यक्ष, पालिका स्वास्थ्य शाखाका कर्मचारी, स्वास्थ्य चौकीका कर्मचारीहरू तथा ३०–४९ वर्ष उमेर समूहका महिलाहरूको सहभागिता रहेको थियो। कार्यक्रममा करिब ६२ देखि ७० जना सहभागी भएका थिए।

यस कार्यक्रमबाट प्रजनन् स्वास्थ्य समस्या भएका महिलाहरूको प्रारम्भिक पहिचान भई आवश्यक उपचार तथा व्यवस्थापनमा सहयोग पुगेको र भविष्यमा क्यान्सर जोखिम न्यूनीकरणमा योगदान पुग्ने अपेक्षा गरिएको थियो।



## सम्पादकीय

स्वास्थ्य कार्यालय प्यूठानले आ.व. २०८०/८१ को सुरुवात सँगै सुरु गरेको जनस्वास्थ्य मासिक समाचारपत्रको ३० औं अंक प्रकाशन गर्न लागेको छ । चैत्र महिनामा जिल्लामा भएका जनस्वास्थ्य गतिविधिहरु र स्वास्थ्य सम्बन्धी जानकारिहरु समेटिएको यो अंकले जनस्वास्थ्य सम्वन्धि मासिक गतिविधिहरु र आगामी दिनमा सञ्चालन हुन गईरहेका स्वास्थ्य सम्वन्धी क्रियाकलापहरुको बारेमा र समग्र स्वास्थ्य कार्यालयबाट संञ्चालित कार्यक्रमहरुको सारसंक्षेप प्रस्तुत गरिएको छ । यस समाचारपत्रका लागि स्थानीय तहका जनस्वास्थ्य अधिकृतहरूले आफ्नो-आफ्नो क्षेत्रमा सञ्चालन भएका गतिविधिहरूको विवरण स्वास्थ्य कार्यालय प्यूठानलाई उपलब्ध गराउनुभएको थियो। यस खवरपत्रिका लाई बिभिन्न क्षेत्रबाट प्राप्त सुझावको आधारमा क्रमिक रुपमा सुधार गर्दै लगिने छ।